नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मंत्रालय

# भूमिसुधार तथा व्यवस्थापन विभाग

**बबरमहल, काठमाण्डौ ।**

**खण्ड-१**

# श्रेष्ता पूर्जा छपाई कार्य

## श्रेस्ता पूर्जा छपाई कार्यको राष्ट्रियस्तरको सिलबन्दी वोलपत्र तथा विद्युतीय वोलपत्र (E-bidding) आव्हानको सूचना नं.२ आ.व.२०७२/७३

## (प्रथम पटक प्रकाशित मिति २०७२/५/२९ गते)

१. भूमिसुधार तथा व्यवस्थापन विभाग अर्न्तगतका मालपोत कार्यालयहरुका लागि आवश्यक पर्ने श्रेस्ता पुर्जाहरु छपाई गरी आपूर्ति गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त मू.अ.कर दर्तावाल र सार्वजनिक खरिद नियमावली २०६४ को नियम २५ को (२) (क) बमोजिम विगत ३ बर्षको अवधिमा रु.१ करोड वा सो भन्दा बढी रकमको छपाई सम्बन्धी कारोवार गरेका इच्छुक वोलपत्रदाताहरुबाट उल्लेखित शर्तहरुको अधिनमा रही उक्त छपाई कार्य गर्न इच्छुक व्यक्ति/फर्म वा संस्थाहरुबाट निम्नलिखित कागजातहरु संलग्न गरी तपसिल वमोजिम सिलबन्दी वोलपत्र वा **E-bidding** को माध्यमबाट वोलपत्र ३० दिन भित्र स्विकृत वोलपत्र खरिद गरी ३१औं दिन भित्र पेश गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**(क) सिलवन्दी वोलपत्र वा E-bidding को माध्यमबाट वोलपत्र पेश गर्न वा वोलपत्र सम्बन्धी कागजात हेर्न (अध्ययन गर्न) चाहेमा निम्न ठेगानामा सम्पर्क राख्न सकिने छ ।**

(१) भूमिसुधार तथा व्यवस्थापन विभाग, आन्तरिक प्रशासन शाखा, ववरमहल काठमाण्डौं ।
(२) **www.bolpatra.gov.np**

**(ख) वोलपत्रदाताहरुले वोलपत्र पेश गर्दा वोलपत्रसाथ अनिवार्य रुपमा संलग्न गर्नु पर्ने कागजातहरु**

(१) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
(२) मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्बर (**PAN**) दर्ता प्रमाणको प्रतिलिपि ।
(३) व्यक्ति / फर्म / संस्था र कम्पनी दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।
(४) **व्यवसाय दर्ताको इजाजत पत्रः** फर्म वा संस्था दर्ता हुंदा उद्देश्यमा छपाई सम्बन्धि कार्य गर्ने उल्लेख भएको दर्ता प्रमाणको प्रतिलिपि, छपाई सम्बन्धि कार्यको इजाजत (अनुमति) पत्रको प्रतिलिपि (नविकरण गर्नुपर्ने स्थिती र अवस्थाको भए नविकरण समेतको) ।
(५) आ.व.०७०/७१ को आषाढ मसान्तसम्मको आन्तरिक राजस्व विभागबाट प्राप्त कर चुक्ता गरेको प्रमाण पत्र वा आ.व.०७१।७२ को कर विवरण आन्तरिक राजस्व विभागमा पेश गरेको प्रमाण कागजको प्रमाणित प्रतिलिपि ।
(६) वोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाभिएको र सम्वन्धीत पेशा वा व्यवसाय सम्बन्धि कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा-पत्र ।

(७) संयुक्त रुपमा काम गर्न चाहने वोलपत्रदाताहरुले संयुक्त उपक्रम सम्बन्धी कागजात बनाई पेश गर्नुपर्ने छ । संयुक्त उपक्रममा काम गर्ने वोलपत्रदाताले सार्वजनिक खरिद नियमावली २०६४ को नियम २८ को उपनियम (१), (२), (६) र (७) मा तोकिएको शर्त तथा दायित्व वहन गर्नुपर्ने भएको हुंदा एक संयुक्त उपक्रम बनाई पेश गर्नुपर्ने छ । उक्त उपक्रममा साझेदारहरुको संख्या बढीमा ३ हुने छ । र मुख्य साझेदारको हिस्सा न्यूनतम ४०% तथा दुई साझेदारहरु प्रत्येकको हिस्सा न्यूनतम २५% हुनु पर्नेछ वा मुख्य साझेदारको हिस्सा अन्य साझेदारको तुलनामा अधिक हुनु पर्नेछ । साथै संयुक्त रुपमा वोलपत्र पेश गर्न चाहने वोलपत्रदाताले वोलपत्रसाथ जमानत समेत सलंग्न गरी पेश गर्नुपर्ने छ ।

(८) वोलपत्रदाताले सिलबन्धी बोलपत्रसाथ वोलपत्र जमानत एकमुष्ठ रकम रु.५,९०,०००।- (अक्षेरेपी रु. पाँच लाख नब्बे हजार मात्र) को.ल.नि.का काठमाडौ थापाथलीको **धरौटी हिसाब नं.१२०१२०००१००२५२४ कार्यालय कोड नं.२७-३३६-०४ मा** जम्मा गरेको सक्कलै बैंक भौचर वा वाणिज्य बैंकद्वारा यस विभागको नाममा जारी गरेको वोलपत्र दाखिला गर्न तोकिएको अन्तिम मिति बाट १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (विडवण्ड) पेश गर्नु पर्नेछ ।

(९) वोलपत्रदाताले वोलपत्रसाथ विगत ३ वर्षको अवधिमा सरकारकी निकाय वा सरकारी स्वामित्व भएको निकायमा रु.१ करोड वा सो भन्दा बढी रकम बराबरको मालसामान छपाई गरेको मिति र रकम समेत खुलेको कम्तिमा २ वटा सम्झौता पत्रको प्रमाणित प्रतिलिपि र सन्तोषजनक रुपमा आपूर्ति कार्य सम्पन्न गरेको प्रमाण कागज पेश गर्नु पर्ने छ ।

(१०) वोलत्रदाताले वोलपत्रसाथ यस विभागबाट स्वीकृत गरेको नमूना अनुसारको कागजमा छपाई गरी अनिवार्य रुपमा आपूर्ति गर्नुपर्ने छ । छपाई गर्नुपर्ने विवरण र नमूना कागज विभागमा हेर्न सकिनेछ ।

(११) **वोलपत्रदाताले आपूर्ति गर्नुपर्ने सामग्रीहरुको (नमूना कागजको) नेपाल गुणस्तर तथा नापतौल विभाग, काठमाडौंमा गुणस्तर परिक्षण गराई परिक्षण गराएको प्रतिवेदन सहितको नमूना कागज वोलपत्रसाथ पेश गर्नुपर्ने छ ।**

## (ग) वोलपत्रदाताहरुले अनिवार्य रुपमा पालना गर्नुपर्ने शर्तहरु

(१) सम्बन्धित व्यक्ति, फर्म वा संस्था आफैले खरिद गरेको वोलपत्र सम्बन्धि कागजात पूर्ण रुपमा भरि पेश गर्नुपर्ने छ ।

(२) वोलपत्रदाताले वोलपत्र फारममा दर कवोल गर्दा प्रत्येक आईटमको मूल्य अभिबृद्धि कर वाहेकको इकाई अनुसारको प्रति थानको अङ्क र अक्षरमा स्पष्ट र केरमेट नगरी उल्लेख गर्नुपर्ने छ ।

(३) स्वीकृत वोलपत्रदाताले खरिद सम्झौता भएपछि सम्झौतामा तोकिएको समय भित्र कार्य प्रारम्भ गरी कार्य सम्पन्न गरी सक्नु पर्ने छ ।

(४) बोलपत्र फारम खरीद गर्न आउदा छपाई गरी उपलब्ध गराउनु पर्ने कागजको नमूना र गुणस्तर यस विभागमा हेर्न सकिने छ । सो बारे अन्य जानकारी चाहिएमा सो समेत अवगत गराइने छ । स्वीकृत बोलपत्र दाताले यस विभागबाट उपलब्ध गराईएको नमूना अर्थात उल्लेखित ५(पाँच) वटै छपाई सामग्रीको नाप र गुणस्तर तोकिएको मापदण्ड अनुसार कायम हुने गरी ५/५ प्रति नमूना, नेपाल गुणस्तर तथा नापतौल विभाग, काठमाडौंबाट पुनः गुणस्तर परिक्षण गराई परिक्षण गराएको प्रतिवेदन सहितको नमूना कागज मालसामान आपूर्ति गर्नु भन्दा अगाडी सम्झौता भएको मितिले २१(एक्काईस) दिन भित्र विभागमा पेश गर्नुपर्ने छ ।

(५) जग्गाधनी दर्ता श्रेस्ता र रजिष्ट्रेशन फाराम १००/१०० प्रति को ठेली बनाई स्टिच (बाईन्डीङ्ग) गरी बुझाउनुपर्नेछ । बोलपत्रमा उल्लेखित सबै मालसामान आपूर्ती तालिका बमोजिम विभागमा बुझाउन ढिलाई गरेमा वा ढिलो गरी काममा बाधा पर्न गएको कारणले तत्काल अन्य व्यवस्थाबाट बिभागले सामान प्राप्त गर्नु परेमा विभागलाई सो वापत कुनै हानि नोक्सानी भएमा वा वढी दायित्व पर्न गएमा बढि हुन गए जति रकम आपूर्तिकर्ताबाट अशुल उपर गरिनेछ ।

(६) जग्गाधनी दर्ता प्रमाणपुर्जा, जग्गाधनी दर्ता श्रेस्ता र रजिष्ट्रेशन फाराम छपाई गर्दा उक्त सामानमा आ.व ०७२।७३ राखी नं.१ देखि क्रमश नम्वर राख्दै जान पर्ने छ ।

(७) ठेक्का अवधि भित्र ठेक्का सम्झौता बमोजिमको परिमाणमा मालसामान उपलब्ध गराउन नसकेमा सार्वजनिक खरिद नियमावली २०६४ को १२१(क) वमोजिम प्रति दिन सम्झौता रकमको ०.०५% का दरले ठेक्का हर्जाना लगाईने छ ।

(८) उत्पादन तथा ढुवानीका क्रममा कुनै पनि प्रकारले सामानहरुको हानी नोक्सानी वा क्षति भएमा त्यसको जिम्मेवार आपूर्तिकर्ता स्वयं हुनु पर्ने छ ।

९) वोलपत्रदाताले वोलपत्रमा माग गरिएको सम्पूर्ण विवरहरु स्पष्ट रुपमा भरेको हुनुपर्ने छ ।

१०) वोलपत्रदाताले A4 साईजको म्याट लेमिनेशन गरेको रातो कभर आपूर्ति गर्दा रातो कभर बराबरको संख्यामा प्लाष्टिक खोल समेत सँगसँगै आपूर्ति गर्नुपर्ने छ ।

११) वोलपत्रदाताले जग्गाधनी दर्ता प्रमाणपुर्जा, जग्गाधनी दर्ता श्रेस्ता र रजिष्ट्रेशन फाराम छपाई गर्दा उक्त सामानमा स्पष्ट, शुद्ध, सफा र गाडा अक्षर आउने गरी अनिवार्य रुपमा अफसेट प्रविधिको मेटलप्लेट प्रयोग गर्नु पर्दछ ।

१२) वोलपत्रदाताले मालसामान आपूर्ति गर्दा तोकिएको तालीका अनुसार मालसामान आपूर्ति गर्नुपर्ने छ ।

१३) अन्य कुराको हकमा प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार हुनेछ ।

## (घ) सिलवन्दी वोलपत्र पेश गर्ने वोलपत्रदाताहरुले ध्यान दिनुपर्ने कुराहरु

(१) वोलपत्र फारामहरु सम्वन्धि ठेक्का बन्दोबस्त गराउने जिम्मेवारी तोकिएको भूमिसुधार तथा व्यवस्थापन विभागबाट सूचना प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय सम्म वोलपत्रको दस्तुर रु.३,०००।- (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ ।

(२) खरिद भएका वोलपत्रहरु सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० वजे भित्र भूमिसुधार तथा व्यवस्थापन विभागमा वोलपत्र दर्ता गराई सक्नु पर्ने छ ।

(३) दर्ता भएका वोलपत्रहरु सूचना प्रकाशित भएको ३१ औं दिनको १३:०० वजे भूमिसुधार तथा व्यवस्थापन विभागमा उपस्थित प्रतिनिधि, वोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ, तर वोलपत्र खोल्ने समयमा वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएतापनि वोलपत्र खोल्न बाधा पुग्ने छैन । वोलपत्र दर्ता गर्ने अन्तिम दिन वा खोल्ने अन्तिम दिन कुनै सार्वजनिक बिदा परेमा सोको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा माथि उल्लेखित स्थान र समयमा वोलपत्र खोलिने छ ।

(४) स्वीकृत वोलपत्रदाताले नमूना वमाजिमको छपाई सम्बन्धि कार्य आपूर्ति गर्न नसकी कार्यमा बाधा व्यवधान गरेमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ वमोजिम कारवाही हुने छ ।

(५) विभागमा दाखिला भएको वोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार नियमानुसार अधिकार प्राप्त अधिकारीमा पूर्ण रुपमा सुरक्षीत रहने छ ।

(६) **वोलपत्र मान्य हुने अवधिः** सार्वजनिक खरिद नियमावली २०६४ को ५३(८क) वमोजिम वोलपत्र पेश गर्ने तोकिएको अन्तिम मितिबाट ९० दिन कायम रहने छ ।

(७) सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४ वमोजिम रीत नपुगेको वोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

(८) बैंक वा वित्तिय संस्थाको ऋण नतिरी वा अन्य वा कुनै कारणबाट प्रचलित कानून वमोजिम अधिकार प्राप्त निकायले कालो सूचिमा राखेको व्यक्ति, फर्म वा संस्थाले त्यस्तो सूचिमा कायम रहेका अवधिभर यस सार्वजनिक खरिद कारवाहीमा भाग लिन सक्ने छैन ।

(९) वोलपत्रदाताहरुले अनिवार्य रुपमा पालना गर्नुपर्ने शर्त, संलग्न गर्नुपर्ने प्रमाण पत्र एवं कागजातहरुको सम्बन्धमा यस सूचना र यसै सूचना सँग सम्बन्धित वोलपत्र सम्बन्धि कागजातमा उल्लेख गरिएको सम्पूर्ण कुराहरुमा सोही वमोजिम र अन्य कुराका हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

(१०) मालसामान आपूर्तिकर्ता वोलपत्रदाताले वोलपत्रमा उल्लेख गरिएको स्पेशिफिकेशनमा उल्लेख भएअनुसारको मालसामान मापदण्ड अनुरुपको भए/नभएको एकिन गर्नका लागि आवश्यकतानुसार खरिद कर्ताले चाहेमा पटक-पटक परिक्षण गर्न गराउन सक्ने छ ।

(११) यस सूचनालाई भूमिसुधार तथा व्यवस्थापन विभागको **वेभसाईट www.dolrm.gov.np** मा र सार्वजनिक खरिद अनुगमन कार्यालयको **वेभसाईट www.ppmo.gov.np** मा समेत राखिएको छ । साथै छनौट भएको वोलपत्रदातालाई ठेक्का स्वीकृती गर्ने आशय र अन्य वोलपत्रदातालाई छनौट भएका वोलपत्रदाताको नाम, ठेगाना र रकमको जानकारी यस विभागको वेभसाईटमा राखिने छ ।

**(ङ). e-bidding मा भाग लिने वोलपत्रदाताहरुको लागि:**

(१) सार्वजनिक खरिद अनुगमन कार्यालयको **Portal www.bolpatra.gov.np** बाट समेत माथि उल्लेखित सामानहरु खरिद सम्बन्धि **e-bidding** को कार्य गरिने हुंदा उक्त **Web Site** मा **Login** गरी प्राप्त निर्देशन अनुसार गर्नुपर्ने छ ।

(२) वोलपत्रसाथ पेश गर्नुपर्ने कागजातहरु **e-bidding portal www.bolpatra.gov.np** मा **PDF formate** मा **Scan** गरी **Upload** गर्नुपर्नेछ । साथै वोलपत्र फाराम दस्तुर वापतको रकम रु.३,००० (तिन हजार मात्र) कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाडौंको **धरौटी हिसाब नं.१२०१२००००१००२५२४ कार्यालय कोड नं.२७-३३६-०४ मा** जम्मा गरेको सक्कल बैंक भौचरको **Scanned Copy Upload** गर्नुपर्ने छ ।

(३) वोलपत्र सम्बन्धी कागजात मिति २०७२।६।२८ गते १२:०० बजे भित्र **Upload** गरी सक्नु पर्नेछ । **Upload** भएका वोलपत्रहरु मिति २०७२।६।२८ दिनको १३:०० वजे खोलिने छ र खोल्ने समयमा वोलपत्र जमानत, लिखित घोषणा पत्र, बैंक भौचरको सक्कलै प्रति, नमूना कागजको गुणस्तर परिक्षण प्रतिवेदन, कार्य अनुभव पत्रको प्रमाणित प्रतिलिपि र अन्य कागजातहरुकासाथ वोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुनु पर्नेछ ।